नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

## ठिमी, भक्तपुर

प.सः०७८/७९

च.नः ४६५

मिति २०७९।०२।२३

विषय :निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री प्रदेश स्वास्थ्य निर्देशनालय (सबै) ।
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (PHLMC) ।
श्री स्वास्थ्य कार्यालय, ७७ जिल्लाहरु ।

प्रस्तुत विषयमा यस केन्द्रको मिति २०७८ चैत्र २० गते बसेको बैठकबाट औषधीको माँग तथा वितरण प्रणालीलाई स्वास्थ्य संस्थामा उपचारका लागि दर्ता भएका विरामीको संख्याका आधारमा औषधी माँग तथा वितरण प्रणाली स्थापना गरी औषधीको उपलब्धतामा हुने Gapping र Overlapping लाई हटाउन आ.व. २०७९/०८० को पहिलो चौमासिकबाट औषधी वितरणमा HMIS मा Entry भएको विरामी संख्या (Data) र eLIMS मा रहेको Stock को आधारमा मात्र औषधी वितरण गरिने निर्णय भएको हुँदा तपसिल बमोजिम गर्नु गराउन हुन निर्णयानुसार अनुरोध छ ।

१ यस आ.व. को अन्तिम महिना मिति २०७९असार मसान्तसम्ममा HMIS मा वास्तविक विरामीको संख्या इन्ट्री गर्ने ।

२. आ.व.२०७९/०८० को प्रथम चौमासिक देखि सुरु हुनेगरी हरेक चौमासिकमा औषधीको माँग गर्दा स्वास्थ्य संस्थाले HMIS मा उपलब्ध तथ्यांकको आधारमा औषधीको आवश्यकता गणना गरी सम्बन्धित संस्थाले तोकिएको निकायमा औषधी माँग गर्ने ।

३. क्षयरोगको औषधी वितरण गर्दा HMIS मा उपलब्ध भएको क्षयरोगका विरामीको संख्याका आधारमा eLMIS मा भएको औषधीको मौज्दात एकिन गरी रुजु गरेपश्चात मात्र वितरण गर्ने ।

४. माथिको बुदा न २ र ३ का लागि सम्बन्धित सबै निकायले HMIS मा सबै क्षयरोगका विरामीको विवरण अध्यावधिक गराउने र eLMIS मा हरेक महिना क्षयरोगका औषधीको मौज्दात एकिन गर्ने ।

५आगामी आ.व.२०७९/०८० देखि सुरु हुनेगरी प्रत्येक महिनाको अन्त्यसम्ममा प्रत्येक जिल्लामा विभिन्न Category मा दर्ता भएका विरामीहरुको संख्या र उक्त महिनाभित्र प्राप्त तथा अन्त्यसम्म मौज्दातमा रहेको औषधीको परिमाण र Expiry Date को विवरण अनिवार्य रुपमा यस केन्द्रको स्टोर शाखामा पठाउने ।

डा. संजय कुमार ठाकुर
निर्देशक

**स्वच्छ र सक्षम निजामती प्रशासन, समृद्धि र सुशासन**